# जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

**जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।**

## जन्म




**जन्म दर्ता गराउँदा चाहिने कागजातहरू:**

- आमा वा बाबुको नागरिकता ।
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज ।
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड ।
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण ।
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन ।

## मृत्यु

**मृत्यु दर्ताका लागि चाहिने कागजातहरू:**

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा) ।
- सूचकको नागरिकता ।
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस ।
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण ।



## विवाह



**विवाह दर्ता गराउँदा चाहिने कागजातहरू:**

- विवाह दर्ता गर्न पति र पत्नी दुबै सूचक हुनुपर्छ ।
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुबैको हालै खिचेको अटो साईजको फोटो ।
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज ।
- कुनै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली नियोगबाट प्रमाणित अधिकृत वारेसनामा ।

## सम्बन्ध विच्छेद

**सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरू:**

- सूचकको नागरिकता प्रमाणपत्र ।
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला ।
- विदेशीमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानुन अनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कुटनीतिक नियोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणिकरण गरेको सक्कल प्रति ।



## बसाइँ सराइ



**बसाइँ सराइ दर्ताका लागि चाहिने कागजातहरू:**

**बसाइँ सरेर जाँदा चाहिने कागजातहरू:**

- लगत हस्तान्तरण फाराम ।
- बसाइँ सराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र ।
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्ष भन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र ।
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाइँ सराइ दर्ता गर्नुपर्छ ।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरू:**

- लगत हस्तान्तरण फाराम ।
- बसाइँ सराइ गरेर आउँदा घरमूली वा सूचकको नागरिकता ।

**बसाइँ सरेर जाँदा (जुन ठाउँबाट जान लागिएको हो) र आउँदा (बस्न लागिको नायाँ ठाउँ) दुबै ठाउँमा घटना दर्ता गर्नुपर्छ ।**

**धुनिबेंशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल